नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदवार, काठमाण्डौ

(स्थानीय तह समन्वय शाखा)

प.सं.: ०७५।७६

च.नं ९५१

मितिः-२०७५।६।१८

बिषय : विवरण उपलब्ध गराउने ।

श्री जिल्ला समन्वय समितिको कार्यालय सवै,

प्रस्तुत विषयमा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ नेपाल सरकारबाट स्वीकृत भै मिति २०७५।६।१७ मा नेपाल राजपत्रमा प्रकाशन समेत भईसकेको छ । सो सन्दर्भमा उक्त नियमावलीमा भएको व्यवस्था अनुसारको प्रकृया पुरा गरी छनोट भएका योजनाहरुको विवरण सोही नियमावलीको अनुसूची २ बमोजिमको ढाँचामा २०७५ साल कार्तिक मसान्तभित्र यस मन्त्रालयको देहायको ईमेल ठेगानामा उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ । स्वीकृत नियमावलीको विद्युतीय प्रति संलग्न छ ।

तपशिल

kirateeanil@gmail.com
cmmofald@gmail.com

(जनकराज शर्मा)
शाखा अधिकृत

बोधार्थः-

श्री सूचना प्रविधि शाखाः- पत्र तथा संलग्न नियमवली Website मा Upload गरिदिनु हुन ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, असोज १७ गते, २०७५ साल (संख्या ३१

## भाग ३

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

सूचना

**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५**

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उपभोक्ता समिति" भन्नाले स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूमध्येबाट प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम अन्तर्गत सञ्चालन हुने पूर्वाधार निर्माण आयोजनालाई समेत जनाउँछ ।

(ग) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय वा नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले नियम ५ बमोजिम गठित कार्यक्रम निर्देशक समिति सम्झनु पर्छ ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

३. **कार्यक्रम परामर्श समिति** : (१) यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रमको कार्यान्वयन र व्यवस्थापनको कार्यलाई समन्वय र सहजीकरण गर्न नेपालको संविधानको धारा ८४ को उपधारा (१) को खण्ड (क) बमोजिमको प्रत्येक निर्वाचन क्षेत्रमा कार्यक्रम परामर्श समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहने छन् :-

(क) नेपालको संविधानको धारा ८४ को उपधारा १ (क) बमोजिम कायम रहेका निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रतिनिधि सभाका सदस्य - संयोजक

(ख) नेपालको संविधानको धारा ८४ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रतिनिधि सभाका सदस्य - सदस्य

(ग) नेपालको संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (क) र (ख) बमोजिम राष्ट्रिय सभाका निर्वाचित र मनोनित सदस्य - सदस्य

(घ) खण्ड (क) बमोजिमको निर्वाचन क्षेत्र भित्र पर्ने नेपालको संविधानको धारा

| | | |
|---|---|---|
| | १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम कायम रहेका सम्बन्धित निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्य | - सदस्य |
| (ङ) | नेपालको संविधानको धारा १७६ उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्य | - सदस्य |
| (च) | जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख | - सदस्य |
| (छ) | खण्ड (क) बमोजिमको निर्वाचन क्षेत्र भित्र पर्ने गाउँपालिकाका अध्यक्ष र नगरपालिकाका प्रमुख | - सदस्य |

(३) नेपालको संविधानको धारा ८४ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रतिनिधि सभाको सदस्य तथा धारा ८६ को खण्ड (ख) बमोजिम मनोनित राष्ट्रिय सभाको सदस्य आफुले चाहेको कुनै एक निर्वाचन क्षेत्रको उपनियम (१) बमोजिमको समितिको सदस्य हुन सक्नेछ ।

(४) नेपालको संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित राष्ट्रिय सभाको

सदस्य आफू निर्वाचित भएको प्रदेश अन्तर्गतको आफुले रोजेको कुनै एक निर्वाचन क्षेत्रको उपनियम (१) बमोजिमको समितिको सदस्य हुन सक्नेछ ।

(५) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाको सदस्य सम्बन्धित प्रदेशको आफुले चाहेको कुनै एक निर्वाचन क्षेत्रको उपनियम (१) बमोजिमको समितिको सदस्य हुन सक्नेछ ।

(६) उपनियम (३), (४) र (५) बमोजिमका प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाका सदस्यले आफु सदस्य हुन चाहेको निर्वाचन क्षेत्र खुलाई असार पन्ध्र गते भित्र सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा लिखित रुपमा जानकारी दिनु पर्नेछ।

तर यो नियमावली प्रारम्भ भए पछि पहिलो पटकको हकमा यो नियमावली प्रारम्भ भएको पन्ध्र दिन भित्र त्यस्तो जानकारी दिनु पर्नेछ ।

(७) उपनियम (२) को खण्ड (क) बमोजिमको निर्वाचित प्रतिनिधि सभाको सदस्य निलम्बन भएको वा कुनै कारणले त्यस्तो पद रिक्त भएको अवस्थामा खण्ड (ख) वा (ग) बमोजिमको ज्येष्ठ सदस्यले संयोजकको रुपमा कामकाज गर्नेछ।

(८) जिल्ला समन्वय अधिकारीले उपनियम (१) बमोजिमको समितिको सचिव भई काम गर्नेछ ।

४. <u>कार्यक्रम परामर्श समितिको काम, कर्तव्य र अधिकार</u> : (१) कार्यक्रम परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस नियमावली बमोजिम निर्वाचन क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको समन्वय र सहजीकरण गर्ने,

(ख) आफ्नो निर्वाचन क्षेत्र भित्र नियम बमोजिम लागत साझेदारी हुन सक्ने आयोजनाहरुको विवरण सङ्कलन गरी समितिलाई उपलब्ध गराउने,

(ग) कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहजीकरण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन समितिलाई आवश्यक सल्लाह तथा सहयोग उपलब्ध गराउने ।

(२) उपनियम (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउनेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>कार्यक्रम निर्देशक समिति</u> : (१) यस नियमावली बमोजिम कार्यक्रमको छनोट तथा कार्यान्वयन र अनुगमन गर्न नेपालको संविधानको धारा ८४ को उपधारा (१) को खण्ड (क) बमोजिमको प्रत्येक निर्वाचन क्षेत्रमा नियम ३

बमोजिमको कार्यक्रम परामर्श समितिको संयोजकको संयोजकत्वमा सो नियमको उपनियम (१) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरु रहेको एक कार्यक्रम निर्देशक समिति रहनेछ ।

(२) जिल्ला समन्वय अधिकारीले समितिको सचिव भई काम गर्नेछ ।

६. **<u>समितिको काम कर्तव्य र अधिकार</u>** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपालको संविधानको धारा ८४ को उपधारा (१) को खण्ड (क) बमोजिमको निर्वाचन क्षेत्र अन्तर्गत रहेका स्थानीय तहको वार्षिक विकास कार्यक्रम सङ्कलन तथा विश्लेषण गर्ने,

(ख) कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना छनोटका मापदण्ड तयार गर्ने,

(ग) नियम ९ बमोजिम छनोट भएका आयोजनाको स्वीकृति दिने,

(घ) समितिबाट स्वीकृत भएका आयोजना कार्यान्वयनको लागि मन्त्रालय र सम्बन्धित स्थानीय तहमा लेखी पठाउने,

(ङ) कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरुको अनुगमन गर्ने ।

७. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक देहाय बमोजिम वर्षको कम्तीमा तीन पटक बस्नेछ :-

(क) गत आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनको समीक्षा तथा चालु आर्थिक वर्षको आयोजना छनोट सम्बन्धी छलफल गर्न साउन मसान्तभित्र,

(ख) चालु आर्थिक वर्षमा कार्यान्बयनमा रहेका कार्यक्रमको समीक्षा तथा आयोजना कार्यान्वयन सम्बन्धी मार्गदर्शन गर्न माघ मसान्त भित्र ।

(ग) चालु आर्थिक वर्षमा कार्यान्बयनमा रहेका कार्यक्रमको अनुगमन गर्न तथा आगामी आर्थिक वर्षको लागि स्थानीय तहको वार्षिक योजनामा कार्यक्रम समावेश गर्न असार मसान्त भित्र ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति र समयमा सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालयमा बस्नेछ । बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको बैठकमा कुनै सदस्यको अनुपस्थितिका कारणले मात्र समितिको काम कारबाहीमा बाधा पुग्ने छैन ।

(४) समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ र सर्वसम्मति हुन नसकेमा संयोजकको निर्णय अन्तिम हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **आयोजनाको किसिम** : (१) यस नियमावली बमोजिम देहाय बमोजिमका सार्वजनिक उपयोगसँग सम्बन्धित भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्न सकिनेछ :-

(क) नदी, गल्छी तथा पहिरो नियन्त्रण एवं सिंचाई सम्बन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्नति (सडक,सडक पुल, झोलुङ्गे पुल, कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना,

(ग) खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साइट निर्माण आयोजना,

(घ) ऐतिहासिक, सांस्कृतिक, साहित्य, कला एवं पुरातात्विक र पर्यटकीय स्थलको संरक्षण, जीर्णोद्वार तथा निर्माण आयोजना,

(ङ) नवीकरणीय उर्जा, लघु जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(च) स्वास्थ्य चौकी, प्रसुति भवन, बाल विकास केन्द्र, विपन्न एवम् भूमिहीन नागरिकहरुको लागि आवास भवन, वृद्धाश्रम, अनाथालय तथा पुनर्स्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,

(छ) कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा कृषि तथा पशुपक्षी हाट बजार व्यवस्थापन सम्बन्धी आयोजना,

(ज) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना,

(झ) सार्वजनिक उद्यान तथा सभागृह निर्माण सम्बन्धी आयोजना ।

(२) कार्यक्रम अन्तर्गत सामग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था वा सहकारी संस्था मार्फत आयोजना कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास भन्दा अन्य प्रकृतिका आयोजना छनोट गर्न पाइने छैन।

तर सामुदायिक विद्युतीकरणसँग सम्बन्धित सहकारी संस्था मार्फत सम्बन्धित क्षेत्रको विद्युतीकरण गर्ने आयोजना कार्यान्वयन गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन ।

९. <u>**आयोजना छनोट**</u> : (१) समितिले नियम ८ मा उल्लिखित आयोजनाहरू मध्येबाट यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजना छनोट गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोजना छनोट गर्दा सम्भव भएसम्म सहभागितामूलक योजना पद्धतिबाट छनोट भएका वा सम्बन्धित गाउँ सभा वा नगर सभाबाट स्वीकृत भएका आयोजना मध्येबाट छनोट गर्नु पर्नेछ ।

(३) समितिले आयोजना छनोट गर्दा सम्भव भएसम्म एक आर्थिक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना

छनोट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका सहित जिल्ला समन्वय समितिको कार्यालय र आयोजना कार्यान्वयन हुने स्थानीय तहमा प्रत्येक वर्षको साउन मसान्तभित्र पठाई सक्नु पर्नेछ ।

तर यो नियमावली प्रारम्भ भए पछि पहिलो पटकको हकमा २०७५ साल कार्तिक मसान्तभित्र त्यस्तो आयोजना छनोट गरी पठाउनु पर्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने आयोजनाको हकमा स्थानीय तहले उक्त आयोजनालाई आफ्नो योजनामा समावेश गरी बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको विवरणको आधारमा जिल्ला समन्वय समितिले अनुसूची-२ बमोजिमको ढाँचामा विवरण तयार गरी आयोजना छनोट भएको पन्ध्र दिन भित्र मन्त्रालय तथा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त भएको विवरणको आधारमा मन्त्रालयले कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहमा रकम निकासाका लागि अर्थ मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

(७) उपनियम (३) बमोजिमको अवधिभित्र आयोजना पेश नगरेमा यो नियम बमोजिमको रकम निकासा हुने छैन ।

(८) उपनियम (१) बमोजिम आयोजना छनोट गर्दा देहायका आयोजनालाई समेत प्राथमिकता दिनु पर्नेछ :-

(क) स्थानीय तहको आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) बढी जनसहभागिता हुने पूर्वाधार सम्बन्धी आयोजना,

(घ) विपद्बाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनीकरण गर्ने पूर्वाधार सम्बन्धी आयोजना,

(ङ) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका स्थानीय तहले दुई वा सो भन्दा बढी स्थानीय तहलाई फाइदा पुग्ने भनी छनोट गर्नका लागि अनुरोध गरेका पूर्वाधार सम्बन्धी आयोजना,

(च) स्थानीय तह, साविकको जिल्ला विकास समिति, विषयगत कार्यालय तथा समुदायद्वारा सञ्चालित अधुरा रहेका पूर्वाधार विकास सम्बन्धी आयोजना ।

(९) उपनियम (१) बमोजिम आयोजना छनोट गर्दा देहाय बमोजिमका आयोजना समेत छनोट गर्न सकिनेछ :-

(क) सम्बन्धित गाउँ सभा वा नगर सभाबाट स्वीकृत भएको तर बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका आयोजना,

(ख) सम्बन्धित गाउँ सभा वा नगर सभाबाट स्वीकृत भै बजेट विनियोजन भए तापनि पर्याप्त नभएको कारण बजेट थप गर्नु पर्ने आयोजना,

(ग) प्रकोप वा विपद्बाट क्षति भएका वा जोखिममा परेका र सोको पुनर्निर्माण, नियन्त्रण र रोकथामका निमित्त बजेट व्यवस्था नभएका तथा बजेट व्यवस्था भए पनि पर्याप्त नभएका आयोजना,

(घ) साविकमा जिल्ला विकास समिति र विषयगत कार्यालयद्वारा सञ्चालित अधुरा आयोजना ।

(१०) अन्य निकायहरूसँगको साझेदारीमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेतको जानकारी सम्बन्धित आयोजना स्थल, कार्यालयको सूचनापाटी तथा वेभसाइटमा समेत राख्नु पर्नेछ।

(११) कार्यक्रम अन्तर्गत एक निर्वाचन क्षेत्रमा एक आर्थिक वर्षमा बढीमा बीस वटा आयोजना छनोट गर्न सकिनेछ।

(१२) उपनियम (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम आयोजना छनोट गर्दा कार्यक्रमबाट कम्तीमा पचास लाख रुपैयाँ विनियोजन गर्नु पर्ने कम्तीमा दुई वटा आयोजना छनोट गर्नु पर्नेछ ।

तर दश लाख रुपैयाँ भन्दा कम रकमको आयोजना छनोट गर्न पाइने छैन ।

(१३) प्रथम चौमासिक अवधि भित्र कुनै आयोजनाको सम्बन्धमा सम्झौता हुन नसकेमा समितिले सो आयोजना परिवर्तन गरी पुष पन्ध्र गते भित्र सोही स्थानीय तह अन्तर्गतको अर्को आयोजना छनोट गर्न सक्नेछ ।

तर आर्थिक वर्ष २०७५/०७६ का हकमा पुष मसान्तसम्म सम्झौता हुन नसकेमा माघ १५ भित्र छनोट गरिसक्नु पर्नेछ।

(१४) उपनियम (१३) बमोजिम आयोजना परिवर्तन भएको जानकारी मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा समेत दिनु पर्नेछ ।

(१५) यस नियमावली बमोजिम मन्त्रालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा आयोजना छनोटको विवरण उपलब्ध गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारीको हुनेछ ।

१०. **कार्यक्रममा साझेदारी गर्न सकिने** : (१) यस कार्यक्रमबाट कार्यान्वयन हुने आयोजनामा सम्बन्धित स्थानीय तहले आफ्नो मिल्दो कार्यक्रमबाट वित्तीय साझेदारी गर्न सक्नेछ ।

(२) यस कार्यक्रम अन्तर्गत उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनामा सम्बन्धित स्थानीय तहको नियम बमोजिम उपभोक्ता समितिबाट लागत साझेदारी गर्नु पर्नेछ ।

(३) यस कार्यक्रम अन्तर्गत छनोट भएका आयोजनामा सम्बन्धित प्रदेश तहको कार्यक्रमबाट साझेदारी गर्न सकिनेछ ।

(४) कार्यालयले उपदफा (१), (२) र (३) बमोजिमको रकम समेत समावेश गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नु पर्नेछ ।

(५) समितिले लागत साझेदारी बढी हुने आयोजना छनोट गरी कार्यान्वयन गर्न प्राथमिकता दिने गरी मापदण्ड बनाउन सक्नेछ ।

११. **कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन** : (१) समितिले यस नियमावली बमोजिम छनोट भएका कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

१२. **रकम निकासा सम्बन्धी व्यवस्था** : (१) मन्त्रालयले सशर्त अनुदानको रुपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी अनुसूची–२ बमोजिम हुन आउने रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित स्थानीय तहमा रकम निकासाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) समितिले नियम ९ बमोजिम आयोजना छनोट गरी पेश गरिसकेपछि प्रतिनिधि सभा तथा प्रदेश सभाका सदस्यको कार्यकाल समाप्त भएपनि कार्यक्रम कार्यान्वयन तथा रकम निकासा गर्न बाधा पर्ने छैन।

१३. **सार्वजनिक परीक्षण** : (१) यस नियमावली बमोजिम सञ्चालित कार्यक्रमहरूको कार्यसम्पन्न भएपछि कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहले सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षण देहाय बमोजिम गर्न सकिनेछः-

(क) सार्वजनिक सुनुवाई गरेर, वा

(ख) आम्दानी खर्चको विवरण जाँच गरेर, वा

(ग) नागरिक समाजबाट परीक्षण गराएर ।

(३) उपनियम (१) बमोजिम सार्वजनिक परीक्षण गरेको प्रतिवेदन संलग्न नभएसम्म स्थानीय तहले अन्तिम भुक्तानी दिने छैन ।

१४. **लेखा तथा लेखापरीक्षण** : (१) मन्त्रालयबाट प्राप्त अख्तियारी बमोजिमको रकम निकासा तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ ।

१५. **सुपरिवेक्षण तथा अनुगमन** : (१) यस नियमावली बमोजिम कार्यान्वयन गरिने आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन स्थानीय तह, जिल्ला समन्वय समिति र समितिले गर्नेछ।

(२) कुनै आयोजना कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा समितिले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि छुट्टै विशेष अनुगमन टोली गठन गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम गरिने अनुगमनका सन्दर्भमा दिइएका सुझावहरु कार्यान्वयन गर्नु सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा स्थानीय तहको कर्तव्य हुनेछ ।

(४) समितिले कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन र आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नु पर्नेछ ।

१६. **आयोजनाको सम्झौता, पेश्की, प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक** : (१) उपभोक्ता समिति मार्फत् सञ्चालन भएको आयोजनाको हकमा भएको खर्चको बील भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समितिले र ठेक्काबाट भएको हकमा ठेक्का बील सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले

जाँचपासका लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको सम्वन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम खटिएको कर्मचारीले बजेट अनुसार काम भए, नभएको स्पष्ट खुलाई प्रतिवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनबाट खर्च अनुसारको काम भएको भन्ने देखिन आएमा कार्यालयले त्यस्तो कामको जाँचपास गरिदिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम कार्यालयबाट जाँचपास भइसकेपछि प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको विवरण चौमासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ ।

१७. **कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्था** : कार्यक्रम अन्तर्गत आयोजना छनोट गर्न, प्रतिवेदन गर्न तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रशासनिक खर्चको रुपमा कोष तथा लेखा नियन्त्रक कार्यालयले अनुसूची–३ बमोजिम हुन आउने रकम दुई किस्तामा सोझै जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

१८. **कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षा** : (१) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन जिल्ला समन्वय समितिको कार्यालय तथा मन्त्रालयमा प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले सात दिन भित्र पठाउनु पर्नेछ।

(२) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित स्थानीय तहको नियमित समीक्षा बैठकमा

उपनियम (१) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ ।

१९. **मन्त्रालयले निर्देशन दिन सक्ने** : यस नियमावलीको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु समिति, जिल्ला समन्वय समितिको कार्यालय, स्थानीय तह र नियम ३ बमोजिमको कार्यक्रम परामर्श समिति तथा पदाधिकारीको कर्तव्य हुनेछ ।

२०. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने** : मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

२१. **कार्यविधि बनाउन सक्ने** : यस नियमावलीमा उल्लिखित व्यवस्थाहरुको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

२२. **आवश्यक व्यवस्था गर्ने** : यो नियमावली कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

२३. **खारेजी** : निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ तथा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ खारेज गरिएका छन् ।

अनुसूची - १

(नियम ९ को उपनियम (३) सँग सम्बन्धित)

कार्यक्रम कार्यान्वयन तालिका

(जिल्ला समन्वय समिति र सम्बन्धित स्थानीय तहमा पठाउने विवरण)

जिल्लाः ..................................................

निर्वाचन क्षेत्र नं.....................................................

| क्र.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने गा.पा./न.पा./ वडा नं.टोल | लक्ष्य एकाइ | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | लागत सहभागीबाट व्यहोरिने रकम रु. | | | | | | लाभान्वित जनसङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कार्यक्रम बाट | प्रदेश स्तर बाट | स्थानीय तह बाट | गैसस वा अन्य | जनसहभागिता | जम्मा | | |
| | | | | | | | | | | | | | | |

# अनुसूची - २

(नियम ९ को उपनियम (५) सँग सम्बन्धित)

जिल्ला समन्वय समितिको कार्यालयले मन्त्रालयमा पठाउनु पर्ने विवरण

आर्थिक वर्ष: २०७..../०७..

जिल्ला: ................................ निर्वाचन क्षेत्र नं........

प्रदेश: ............

| क्र. सं. | कार्यक्रम सञ्चालन हुने स्थानीय तह | योजनाको सङ्ख्या | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ............ पालिका | | | |
| २ | .............पालिका | | | |
| ३ | .............पालिका | | | |
| ४ | .............पालिका | | | |
| ५ | ................... | | | |
| ६ | ..................... | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | अनुसूची ३ बमोजिम जिल्ला समन्वय समितिको प्रशासनिक खर्चको रकम | | | |
| | निर्वाचन क्षेत्रको जम्मा | | | |

नोटः कुनै आयोजना एक भन्दा बढी स्थानीय तहको क्षेत्रभित्र पर्ने भएमा उक्त योजना कार्यान्वयनको लागि समितिले कुनै एउटा स्थानीय तहमा पठाउन वा कामको परिमाण अनुसार सम्बन्धित स्थानीय तहमा रकम बाँडफाँट गर्न सक्नेछ ।

## अनुसूची - ३

(नियम १७ सँग सम्बन्धित)

जिल्ला समन्वय समितिको लागि प्रशासनिक खर्चको रकम

| क्र.सं. | विवरण (सङ्घीय निर्वाचन क्षेत्र भएको सङ्ख्या) | प्रशासनिक खर्च (सम्बन्धित निर्वाचन क्षेत्रको लागि विनियोजन भएको रकमको आधारमा) |
|---|---|---|
| १ | एक निर्वाचन क्षेत्र भएको जिल्ला | १% (एक प्रतिशत) |
| २ | दुई वटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला | ०.५०% (शुन्य दशमलव पाँच प्रतिशत) |
| ३ | तीन वटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला | ०.४५% (शुन्य दशमलव चार पाँच प्रतिशत) |
| ४ | चार वटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला | ०.४०% (शुन्य दशमलव चार प्रतिशत) |
| ५ | पाँच वटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला | ०.३५% (शुन्य दशमलव तीन पाँच प्रतिशत) |
| ६ | छ वटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला | ०.३०% (शुन्य दशमलव तीन प्रतिशत) |
| ७ | दश वटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला | ०.२०% (शुन्य दशमलव दुई प्रतिशत) |

**आज्ञाले,**
**दिनेश कुमार थपलिया**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३